**मोना पोखरेल**

# एक झरी परेको साँझ

एक झरी परेको साँझ
व्यस्त सडकको भीडभाड माँझ
करङ्ग भाँचिएको छाता ओडेर
र्निधक्क कुममा कुम जोडेर
संसारका सारा बन्धनहरु तोडी
लम्किरहेछन् कँहा हेर ती प्रेम जोडी ?

दुइ वदन एक्लो छाता मुनि
कस्लाई पो पुर्याउने हो कुन्नि ?
एकतिर ढल्काए एउटा भिज्ने
अर्कातिर ढल्काए अर्को
आधी जिउ भिजेको दुवैको
आवत जावत गर्ने त अरु पनि होलान्
तर उतैतिर नजर गड्छ सबैको

जति जति पानी दर्कंदै र्गदैछ
उति उति दुरी पनि घट्दैछ
चुम्बकको विपरित धुव्र जस्तो
टपक्क टाँसिएर र्निलज्ज हिँडेको कस्तो?
छल्दै बाङ्गो खसेको आकाशे पानी
र्तदै घुँडा सम्म बढेको पानीको लहर
टेक्ने ठाउँ छैन जलमय डुबेको छ शहर

बिस्तारै साँझको मधुरो उज्यालो पनि ढल्दैछ
कुममाथिको हात कम्मरतिर र्सदैछ

रंगीन छाताले छेकेको दुवैको शीष भाग
शायद रंग चढेको होला मायाको अपार
के फरक पर्छ र? मस्त छन् आफ्नै धुनमा
के को लाज शरम? हिँड्दैछन् आफ्नै सुरमा

झण्डै घन्टा वितिसक्यो मौन छन् ती
सुनिदैन एक वाक्य एक शब्द पनि
गीत सुनाईरहेछ थोपा बनी खसिरहेको सावन
प्रकृति अनि प्रेमको अधभूत संगम पावन
उज्यालो किरण झुल्किरहेछ उनीहरुको मनआँगन

164 words

**Address**

Mona Pokharel
Department of Biology
New Mexico State University
MSC 3AF, PO Box 30001
Las Cruces, NM 88003
USA
mona_pokharel@yahoo.com